# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६५/३/६ गते शुक्रवार देखि २०६५/३/१२ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८३ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ३३६० कारोवारबाट ६५ करोड ३९ लाख ६५ हजार रुपैयाँ बराबरका ७ लाख ८७ हजार ८ सय १२ कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ७.४८ प्रतिशतले ह्रास भएको हो । गत साता ४६०४ शेयर कारोवारबाट ७० करोड ३६ लाख ६८ हजार रुपैयाँ बराबरका ६ लाख ७४ हजार ५ सय २४ कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र ३७ करोड २६ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ५६.९८ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ४.५० अंकले वृद्धि भई अन्तिम दिन ९५१.६२ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | 974.23 | 418.82 | 377.30 | 817.47 | 1242.14 | 213.40 | 864.45 | 1065.29 | 1172.74 | 947.12 | 250.19 |
| दोस्रो | 967.23 | 418.82 | 377.30 | 817.47 | 1242.14 | 209.46 | 865.18 | 1064.24 | 1165.49 | 942.09 | 248.14 |
| तेस्रो | 966.50 | 418.82 | 377.30 | 817.47 | 1240.71 | 209.46 | 868.24 | 1066.11 | 1150.23 | 940.92 | 247.47 |
| चौथो | 975.08 | 418.82 | 377.95 | 817.47 | 1243.58 | 213.32 | 862.78 | 1074.60 | 1171.86 | 948.56 | 249.24 |
| पाँचौं | 979.64 | 418.82 | 371.27 | 817.47 | 1241.78 | 213.32 | 852.23 | 1081.87 | 1170.72 | 951.62 | 250.41 |
| परिवर्तन | 5.41 | 0.00 | -6.03 | 0.00 | -0.36 | -0.08 | -12.22 | 16.58 | -2.02 | 4.50 | 0.22 |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ०.२२ अंकले वृद्धि भई २५०.४१ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१० करोड ५ लाख रुपैयाँ) र शेयर संख्या (२ लाख ४६ हजार कित्ता) को आधारमा नेपाल क्रेडिट एण्ड कमर्स वैंक र कारोवार संख्या (३७३) को आधारमा नेपाल शेयर मार्केट एण्ड फाइनान्स अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| 1 | नेपाल केडिट एण्ड कमर्श वैंक | 100.05 |
| 2 | नेपाल वंगलादेश वैंक | 92.33 |
| 3 | नेपाल शेयर मार्केटस् एण्ड फाइनान्स | 86.51 |
| 4 | नेपाल इन्भेष्टमेन्ट वैंक | 48.53 |
| 5 | एभरेष्ट वैंक | 30.55 |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ नागरिक लगानी कोषको २,००,००० कित्ता वोनस शेयर सूचिकृत भएको छ ।